नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :..........................

आज मिति २०७६ वैशाख १३ गते अन्तर प्रदेश परिषद्को तेस्रो बैठक परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भयो । बैठकमा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यू, अन्तर प्रदेश परिषद्का माननीय सदस्यज्यूहरुका साथै आमन्त्रित सदस्यको रुपमा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू तथा सचिवज्यूहरु, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष तथा उपाध्यक्षज्यूहरुको समेत उपस्थिति रहेको थियो ।

उक्त अवसरमा अन्तर प्रदेश परिषद्को दोस्रो बैठकले सिफारिश गरेको संघीयता कार्यान्वयन सम्बन्धी २९ बुँदे **"संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना"** कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य एवं कार्ययोजनाको प्रगतिको समीक्षा गर्दै अन्तर प्रदेश परिषद्को बैठक सम्बन्धी कार्यविधि, २०७६ पारित गरिएको छ। बैठकको दोस्रो सत्रमा आगामी आर्थिक वर्ष २०७६/०७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयहरुका सम्बन्धमा माननीय अर्थमन्त्रीज्यूले नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने आधारहरुका बारेमा स्पष्ट पार्नु भयो ।

आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट निर्माणका सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूहरु, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्षज्यू तथा उपाध्यक्षज्यूहरुले आयोजनाको वर्गिकरण एवं प्राथमिकीकरण गर्नुपर्ने, रोजगारी सिर्जनाका कार्यक्रम ल्याउनुपर्ने, कानूनी जटिलतालाई सम्बोधन गर्नुपर्ने, कर्मचारी व्यवस्थापन गर्नुपर्ने, कृषिलाई आधुनिकीकरण गर्नुपर्ने, एकिकृत वस्ती विकास योजना ल्याउनुपर्ने, पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान एवं प्रवर्द्धन गरी सो स्थानसम्म पहुँच मार्ग र विकासमा जोड दिनुपर्ने, प्रदेश सरकारले प्रदेशस्थित सरकारी जग्गा प्रयोग एवं प्रशासनिक भवन निर्माण गर्न जग्गा प्राप्तिको प्रकृयामा सहजता हुनुपर्ने, तीनैतहका सरकारबीच समन्वय र सहकार्यका आधारमा अगाडि बढ्नुपर्ने र समन्वयात्मक रुपमा अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्ने लगायतका सुझावहरु प्रस्तुत गर्नु भयो।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

अन्तर प्रदेश परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूबाट बैठकलाई सम्बोधन गर्दै प्राप्त सुझाव एवं विचारहरु केही नीति तथा कार्यक्रम एवं केही बजेट, विधीविधानका प्रक्रिया, कानूनी, प्रशासनिक, संरचनागत माध्यमबाट सम्बोधन हुँदै जाने कुरा बताउनुभयो । नीति, कार्यक्रम र बजेट प्रचारमुखी नभई विकासमुखी हुनुपर्नेमा सम्माननीय प्रधानमन्त्रीज्यूले जोड दिनुभयो । संघ, प्रदेश र स्थानीय सरकारबीच समुचित एवं सुमधुर सम्बन्ध; प्रदेश र स्थानीय तहहरुको सवलीकरण; विकासका लागि बाधक नहुने कानून, संयन्त्र र संरचना आवश्यक रहेको बताउँदै व्यावसायिक शिक्षा, तालिम र उत्पादनशील, जीवनोपयोगी, आत्मनिर्भर, प्रतिस्पर्धी क्षमता भएको एवं आत्मविश्वास बढाउने शिक्षा प्रणालीको विकास गर्नुपर्ने बताउदै सम्माननीय प्रधानमन्त्रीज्यूले अन्तर प्रदेश परिषद्को तेस्रो बैठकको समापन गर्नुभयो ।

१३ वैशाख, २०७६
सिंहदरबार, काठमाडौं ।

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np